# पकहाँ मैनपुर गाउँपालिकाको रासायनिक मल नियन्त्रण निर्देशिका, २०७७

यो निर्देशिका आवश्यक पदार्थ रासायनिक मल नियन्त्रण आदेश २०५५ ले दिएको अधिकार प्रयोग गरी पकहाँ मैनपुर गाउँपालिकाले **"रासायनिक मल नियन्त्रण निर्देशिका २०७७"** जारी गरेको छ ।

**परिच्छेद – १**
**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिका को नाम **"रासायनिक मल नियन्त्रण निर्देशिका, २०७७"** रहेको छ ।

(२) यो निर्देशिका पकहाँ मैनपुर गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितीबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "गाउँपालिका" भन्नाले पकहाँ मैनपुर गाउँपालिका, पर्सा सम्झनु पर्छ ।

(ख) "निर्देशिका" भन्नाले रासायनिक मल नियन्त्रण निर्देशिका, २०७७ बुझ्नु पर्छ ।

(ख) "आदेश" भन्नाले रासायनिक मल नियन्त्रण आदेश २०५५ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार , कृषि तथा पशुपंछी विकास मन्त्रालय सम्झनु पर्छ ।

(घ) "रासायनिक मल" भन्नाले कृषि खेतीपाती कार्यमा प्रयोग हुने विरुवाको लागि आवश्यक मलखाद पदार्थ समेतलाई जनाउँछ ।

(छ) "डिलर" भन्नाले रित पुर्वक दर्ता भएका रासायनिक मल प्रत्यक्ष रुपमा बिक्री वितरण गर्ने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्ट सम्झनु पर्छ ।

(ज) "निरीक्षक" भन्नाले गाउँपालिकाले नियुक्त गरेको वा तोकिएको रासायनिक मल निरीक्षक सम्झनु पर्छ ।

(ठ) "शाखा" भन्नाले आर्थिक विकास महाशाखा अन्तर्गत कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन शाखा भन्ने सम्झनु पर्दछ ।

**परिच्छेद – २**
**रासायनिक मल बिक्रेताहरुको दर्ता तथा नविकरण सम्बन्धि व्यवस्था**

**३. दर्ताको लागि आवेदन दिनुपर्ने** :- (१) गाउँपालिकाभित्र रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो एजेण्टले आफ्नो नाम दर्ता गराउन निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा रजिष्ट्रेशन दस्तुर वापत रु. १०००।- गाउँपालिकाको राजस्व खातामा दाखिला गरेको भौचर सहित सम्बन्धित कृषि हेर्ने शाखा समक्ष निवेदन दिनुपर्नेछ ।

(२) यस अघि जिल्ला कृषि विकास कार्यालयमा दर्ता गराई सकेकाहरुले समेत यस निर्देशिका लागु भएपछि यस निर्देशिका अनुरुप दर्ता भएको मान्य हुनेछ ।

(३) रासायनिक मल बिक्रेताको दर्ताको लागि निवेदन दिने “व्यक्ति” नेपाली नागरीक र साधारण लेखपढ गर्न जान्ने हुनु पर्नेछ । निजी फर्म दर्ताको लागि एस.एल.सि. वा सो सरह मान्य हुने प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

४. **सूचि दर्ता गर्ने** : (१) दर्ता गर्न आएका निवेदनहरु विश्लेषण गरी, गोदाम तथा भण्डारणको व्यवस्था सहि भएको नभएको हेरी ६ कार्य दिन भित्र अनुसुचि २ बमोजिमको ढाँचामा रसायनिक मल बिक्रेता प्रमाण पत्र दिनुपर्ने छ । तर दर्ता गर्न नसकिने कुनै कारणहरु भए सो व्यवहोरा खुलाई लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ ।

(२) उक्त प्रमाणपत्रको अवधि २ बर्षको हुनेछ ।

(३) बिक्रेताहरुले रासायनिक मल सुचि दर्ता गराए पश्चात रासायनिक मल खरिद विक्री सम्बन्धमा बिक्रेता स्वयमले पैठारी कर्ता संग समन्वय राखी व्यवस्थापन गर्नुपर्ने छ । बिक्रेताहरुलाई रासायनिक मल उपलब्ध गराउने जिम्मेवारी दर्ता कार्यालयको हुने छैन ।

(४) बिक्रेताहरुले रासायनिक मलको मूल्य सूची तथा मलको विवरण (किसिम र श्रोत) सबैले देख्ने ठाउँमा टाँग्नुपर्नेछ ।

**नविकरण सम्बन्धमा** :- (१) बिक्रेताहरुले दर्ताको म्याद भुक्तान हुनुभन्दा पैंतिस दिन अगावै वा अन्तिम मिती सम्म रु. ५०।- नविकरण दस्तुर बापत गाउँपालिकाको राजस्व खातामा दाखिला गरी सो को रसिद भौचर सहित बिक्रेताको प्रमाणपत्र नविकरण गराउन कृषि हेर्ने शाखामा अनुसुची ३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) नविकरणको लागि निवेदन परेमा गाउँपालिकाले बिक्रेताले देहायका शर्तहरु पालना गरेको अवस्थामा ७ कार्य दिनभित्र बिक्रेताको प्रमाणपत्र नविकरण गरी दिनुपर्नेछ ।

(३) नविकरणको अवधि २ बर्षको हुनेछ ।

(४) तोकिएको म्याद भित्र नविकरण नगराएमा बिक्रेताले प्रमाणपत्रको अवधि समाप्त भएको मितिले ३० दिनभित्र नविकरण गराउन चाहेमा नविकरण दस्तुर बापत रु. २०० रुपैया राजश्व दाखिला गरी सो को भौचर सहित अनुसुची ३ बमोजिमको ढाँचामा कृषि शाखा समक्ष निवेदन दिनु पर्ने छ तर यदि ३० दिन पश्चात नविकरण गराउन आएमा पहिलो १ वर्ष सम्मको लागि रु ५०० रुपैया जरिवाना र त्यसपछी जति भएतापनी प्रत्येक वर्षका लागि रु. १००० का दरले जरिवाना र नविकरण दस्तुर रु.२०० रुपैया समेत राजश्व दाखिला गरी सो को भौचर सहित अनुसूची ३ वमोजिमको ढाँचामा गाउँपालिकाको कृषि हेर्ने शाखा समक्ष निवेदन पेश गर्नुपर्ने छ ।

(५) नविकरणका लागि निवेदन दिने बिक्रेताहरुले दर्ताको प्रमाणपत्रको अवधि समाप्त भएपछि पुन: नविकरण नभएसम्म रासायनिक मल बिक्री वितरण गर्न पाईने छैन ।

६. **रासायनिक मलको कारोबारको स्थिति पेश गर्नुपर्ने** :- (१) बिक्रेताले रासायनिक मल विक्री गर्ने दिन तथा समय खुलेको कार्यतालिका वडा कार्यालयमा पेश गरी विक्री स्थानमा समेत टाँस गर्नु पर्ने छ ।

(२) पकहाँ मैनपुर गाउँपालिकामा दर्ता भएका सबै बिक्रेताहरुले आ-आफ्नो मासिक कारोबारको स्थिति अनुसूची-४ बमोजिमको ढाँचामा सम्वन्धित कृषि तथा पशुपक्षिं व्यवसाय प्रवर्द्धन शाखा समक्ष पेश गर्नु पर्नेछ ।

७. **दर्ता खारेजी** :- (१) न्यूनस्तरको रासायनिक मल बिक्री वितरण गरेको लिखित गुनासो वा कम गुणस्तरको मल विक्री वितरण गरेको पाएमा निरिक्षकले बिक्रेताको दर्ता खारेजीको लागि गाउँपालिकाको कृषि हेर्ने शाखा समक्ष प्रतिवेदन पेश गनुपर्नेछ । दर्ता खारेजीको सम्बन्धमा निर्णय गर्नु अघाडी बिक्रेतालाई आफ्नो स्पष्टीकरण दिने अवसर प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद – ३
## रासायनिक मल निरिक्षक सम्बन्धि व्यवस्था

८. **निरीक्षक नियुक्त गर्न वा तोक्न सक्ने :** (१) रासायनिक मलको व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने कार्यमा सघाउ पुऱ्याउन गाउँपालिकाले आवश्यकता अनुसार निरीक्षक नियुक्त गर्न वा कुनै कर्मचारीलाई निरीक्षकको काम गर्ने गरी तोक्न सक्नेछ ।

९. **निरीक्षकको काम, कर्तव्य र अधिकार :** रासायनिक मलको व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने प्रयोजनको लागि निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले यस निर्देशिकाको विपरीत कुनै काम कारवाही गरेको छ भन्ने उजुरी वा सूचना प्राप्त भएमा त्यसको छानविन गर्ने ।

(ख) रासायनिक मलको गुणस्तरको विषयका कही कतैबाट उजुर बाजुर परेमा त्यसको ल्याव जाँच गराई आवश्यक अनुसन्धान गराई प्रतिवेदन पेश गरी आवश्यक कारवाही अगाडी बढाईने छ।

## परिच्छेद – ४
## विविध

**१०. आवश्यक प्रक्रिया :**

(१) रासायनिक मल कारोवार गर्न कृषि सहकारी दर्ता भई २ वटा आर्थिक वर्ष पुरा गरी नाफामा रहेको कृषि सहकारीहरु हुनुपर्ने छ ।

(२) सहकारीको सम्पूर्ण सदस्यहरुबाट निर्णय गराउनु पर्ने छ ।

(३) चालु आ.ब. को कर चुक्ता प्रमाण हुनु पर्ने छ ।

(४) प्यान नम्बर अनिवार्य पेश गर्नु पर्ने छ ।

(५) सम्वन्धित वडा कार्यालयको सिफारिस पेश गर्नु पर्ने छ ।

(६) तोकिएको राजश्व रकम तिरेको रसिद पेश गर्नु पर्ने छ ।

(७) अन्य आवश्यक कागकाजहरु कृषि शाखाले भने बमोजिम संलग्न गर्नु पर्न छ ।

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा २ नं. प्रदेश, नेपाल २०७३

## अनुसूची-१

रासायनिक मल बिक्री वितरणको लागि दर्ता गर्न गाउँपालिकामा पेश गर्नुपर्ने निवेदन र विवरणको ढाँचा

मिति :...............

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू,
वी.म.न.पा. पर्सा ।

बिषय : रासायनिक मल बिक्रेताहरुको सूचीमा दर्ता गराई पाउँ भन्ने बारे ।

मैले/मेरो फर्म/संस्थाले हाल यस जिल्लामा रासायनिक मल खरिद बिक्री कार्य गर्दै आएको/शुरु गर्ने भएको हुँदा संलग्न विवरणहरु सहित रासायनिक मल बिक्रेताको रजिष्ट्रेशनका लागि अनुरोध गर्दछु ।

निवेदक,
नाम :
सहि :

रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेण्टले आफ्नो नाम दर्ता गराउनका लागि विवरण गर्नुपर्ने फारमको ढाँचा

| | | |
|---|---|---|
| १ | फर्म वा संस्थाको नाम : | |
| २ | स्थापना मिति : | |
| ३ | प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धकं आदि) | |
| ४ | नागरिकता व्यक्तिको हकमा | |
| ५ | संस्था रहेको ठेगाना | जिल्ला, गाउँ वा टोलको नाम, वडा नं.:<br>गा.वि.स./न.पा. |
| ६ | संस्थाको किसिम (चिन्ह लगाउने) | निजि/साझेदारी/अर्धसरकारी/सरकारी |
| ७ | रासायनिक मल बिक्री वितरण शुरु गरेको बर्ष/मिति | |
| ८ | यस अघि कुनै सरकारी निकायमा पहिले रजिष्ट्रेशन (दर्ता) गराएको भए, त्यसको | क) दर्ता मिति :<br>ख) दर्ता गर्ने कार्यालयको नाम :<br>ग) दर्ता नम्बर :<br>घ) कारोबारको किसिम : |
| ९ | कारोबारको किसिम (हालको) चिन्ह लगाउने | क) रासायनिक मल मात्र<br>ख) रासायनिक मल र बाली संरक्षण बिषादी<br>ग)रासायनिक मल, बाली संरक्षण बिषादी र कृषि औजार |
| १० | गोदाम व्यवस्था | भए/नभएको |
| ११ | हाल बिक्री वितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने) | (क) यूरिया (ख) डि.ए.पी. (ग) पोटास (घ) एमोनियम सल्फेट<br>(ङ) अन्य कुनै भए त्यस्को नाम दिने |
| १२ | हाल रासायनिक मलहरु कहाँबाट र कोबाट खरिद गरी ल्याउने गर्नु भएको छ ।<br>नाम र ठेगाना | |

निवेदकको नाम :
दस्तखत : मिति :

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
२ नं. प्रदेश, नेपाल
२०७३

अनुसूची-२
रसायनिक मल बिक्रेता प्रमाण पत्र नमुना
पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
कृषि विकास शाखा
प्रदेश नं. २ नेपाल
२०७४

पत्र संख्या :
चलानी नम्वर :

मिती :

विषय : रासायनिक मल विक्रेताको सूचि दर्ता गरिएको ।

श्री .........................................................
.........................................................

तपाईले यस कार्यालयमा रासायनिक मल बिक्रेताको सूचिमा दर्ता गर्नका लागि मिती २०    /    / मा दिनु भएको निवेदन अनुसार यस महागाउँपालिकाको रासायनिक मलको विक्रेताहरुको सूचिमा प्रचलित नियम कानुनको परिधि भित्र रही आधिकारीक श्रोतबाट मात्र रासायनिक मलको कारोवार गर्ने शर्तमा तपाईको/त्यस फर्म/संस्थाको नाम समावेश गरिएको व्यवहोरा सहर्ष जानकारी गराउँदछौ ।

यसै साथ संलग्न ढाँचा बमोजिमको आफनो कारोवारको मासिक प्रगति स्थिती यस कार्यालयमा पेश गर्नु हुन अनुरोध गरिन्छ ।

....................
कृषि शाखा प्रमुख

....................................
प्रमुख प्रशासकिय अधिकृत

(यसैको पछाडि पट्टी पानामा)

## नविकरण सम्बन्धमा

फर्म/संस्था/व्यक्तिको नाम ..........................................

| नविकरण गरेको मिती | म्याद पुग्ने मिती | नविकरण गर्ने अधिकृतको सहि | कार्यालयको छाँप | कौफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पकहाँ मैनपुर, गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
२ नं. प्रदेश, नेपाल
२०७३

**अनुसूची-३**

रासायनिक मल बिक्रेताहरुले नविकरणको लागि पेश गर्नुपर्ने निवेदन र विवरण ढाँचा

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
पकहाँ मैनपुर गाउँकार्यपालिका को कार्यालय,
पकहाँ मैनपुर, पर्सा

विषय : नविकरण गरी पाउँ ।

मैले/मेरो फर्म/संस्थाले हाल यस जिल्लामा रासायनिक मल बिक्रेताको रुपमा त्यस कार्यालयमा मिति............ मा दर्ता भई कारोबार गर्दै आएको हुँदा संलग्न विवरणहरु सहित नविकरणको लागि अनुरोध गर्दछु ।

निवेदक
नाम :
सहि :

रासायनिक मल बिक्रेताको नविकरणका लागि पेश गर्नु पर्ने विवरण

| | | |
|---|---|---|
| १ | फर्म वा संस्थाको नाम : | |
| २ | दर्ता नं. र मिति : | |
| ३ | प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धक आदि) | |
| ४ | संस्था रहेको ठाउँको ठेगाना | जिल्ला, गाउँ वा टोलको नाम, वडा नं.:<br>गा.वि.स./न.पा. |
| ५ | संस्थाको किसिम (चिन्ह लगाउने) | निजि/साझेदारी/अर्धसरकारी/सरकारी |
| ६ | कारोबारको किसिम (हालको) चिन्ह लगाउने | क) रासायनिक मल मात्र<br>ख) रासायनिक मल र बाली संरक्षण बिषादी<br>ग) रासायनिक मल, बाली संरक्षण बिषादी र कृषि औजार<br>घ) रासायनिक मल, बाली संरक्षण बिषादी र किराना सामान समेत |
| ७ | प्रगति प्रतिवेदन नियमित तथा समयमा पठाउने गरे/नगरेको | |
| ८ | न्यून गुणस्तरको रासायनिक मल बिक्री वितरण गरेको सम्बन्धमा कुनै प्रकारको स्पष्टीकरण तथा कार्यबाहीमा परे/नपरेको | |
| ९ | गोदाम व्यवस्था | भए/नभएको |
| ११ | हाल बिक्री वितरण गर्ने गरेका रासायनिक मलहरुको नाम (चिन्ह लगाउने) | (क) यूरिया (ख) डि.ए.पी. (ग) पोटास (घ) एमोनियम सल्फेट<br>(ङ) अन्य कुनै भए त्यस्को नाम दिने |
| १२ | हाल रासायनिक मलहरु कहाँबाट र कोबाट खरिद गरी ल्याउने गर्नु भएको छ ।<br>नाम र ठेगाना | |

निवेदकको नाम
दस्तखत
मिति

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पकहाँ मैनपुर, पर्सा २ नं. प्रदेश, नेपाल २०७३

अनुसूची-४

बिक्रेताहरुले पेश गर्नुपर्ने रासायनिक मल कारोबारको मासिक प्रगति प्रतिवेदनको ढाँचा

जिल्ला :.....................................
बिक्रेता/संस्थाको नाम :
ठेगाना :

| क.सं. | विवरण | परिमाण संख्या ५० के.जी. बोरा | कैफियत |
|---|---|---|---|
| १. | गत महिनाको मौज्दात | | |
| | १.१ यूरिया | | |
| | १.२ डि.ए.पी. | | |
| | १.३ पोटास | | |
| | १.४ अन्य | | |
| २. | यस महिनाको खरिद | | कुन संस्था/व्यक्तिबाट खरिद गरेको हो खुलाउने |
| | २.१ यूरिया | | |
| | २.२ डि.ए.पी. | | |
| | २.३ पोटास | | |
| | २.४ अन्य | | |
| ३. | यस महिनाको बिक्री | | |
| | ३.१ यूरिया | | |
| | ३.२ डि.ए.पी. | | |
| | ३.३ पोटास | | |
| | ३.४ अन्य | | |
| ४. | मौज्दात | | |
| | ४.१ यूरिया | | |
| | ४.२ डि.ए.पी. | | |
| | ४.३ पोटास | | |
| | ४.४ अन्य | | |
| ५. | बिक्री मूल्य | | |
| | ५.१ यूरिया | | |
| | ५.२ डि.ए.पी. | | |
| | ५.३ पोटास | | |
| | ५.४ अन्य | | |

पेश गर्नेको नाम र दस्तखत :

पकहाँ मैनपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकहाँ मैनपुर, पर्सा
२ नं. प्रदेश, नेपाल
२०७३